का.जि.प्र.का.द.नं. १००/०५९/६०

१४ असोज २०७९,
शुक्रबार
30 September 2022,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २३७ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com



*थारुहरुको परम्परागत नृत्य प्रस्तुत गर्दै थारु युवतीहरु । नवलपुर आउने स्वदेशी तथा विदेशी पर्यटकर विभिन्न कार्यक्रममा थारु युवतीहरुले मौलिक सांस्कृतिक नृत्य प्रस्तुत गरी अतिथिको सत्कार गर्ने प्रचलन छ ।*
*तस्वीर: टेकराज पोखरेल, रासस*

**धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं ।**

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालीन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं ।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ ।

त्यसैले,
धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आमचुनाव-२०७९

# टिकट पाउन दल अदलबदल

नेताहरूका अनुसार भूमिका नपाएपछि र पाउने सम्भावना नदेखेपछि पार्टी नै छाड्ने क्रम सबै पार्टीमा छ । अर्को दलबाट आउनेले उम्मेदवारको टिकट पाउने प्रवृतिले पनि दलबदल संस्कृत मौलाएको देखिन्छ ।



पटक-पटक अवसर दिए जिन्दाबाद । एक पटक पद नपाए त्यही पार्टी मुर्दावाद भन्ने र पार्टी छाडेर राजनीतिक जीवन समाप्त पार्ने प्रवृत्ति देखिएको छ ।

■ **माधवकुमार नेपाल**
**अध्यक्ष, नेकपा एकीकृत समाजवादी**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ असोज ।

३० भदौ २०७९ मा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले माओवादी केन्द्रका बागमती प्रदेश सदस्य गिरीधारी सुवेदी र चितवन माडी-७ का उपाध्यक्ष सुरेश थापालाई एमाले प्रवेश गराए । तर, एमालेमा प्रवेश गरेको दुई साता नबित्दै दुबै नेता बिहीबार फेरि माओवादी केन्द्रमै फर्किए । बिहीबार दुबै नेतालाई माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले माओवादीमा टिका लगाएर स्वागत गरे । यसअघि एमाले प्रवेश गरेका माडीका अर्का माओवादी नेता सोमबहादुर विक साता नबित्दै माओवादीमै फर्किएका थिए ।

यो त एउटा उदाहरण मात्रै हो । चुनाव नजिकिएसँगै दल अदल बदल ब्यापक रुपमा बढेको छ । ४ मंसिरमा हुने प्रदेश र प्रतिनिधिसभाको चुनावमा टिकटको शर्त र जित सुनिश्चितताका लागि समेत दल नै परिवर्तन गरेको विभिन्न घटनाक्रमले देखाएको छ । एमालेले अभियान नै चलाएका कारण कांग्रेस,



*एक साताअघि एमाले प्रवेश गरेका गिरीधारी सुवेदी र सुरेश थापा पुन: माओवादीमा फर्किएपछि स्वागत गर्दै अध्यक्ष प्रचण्ड ।*

माओवादी केन्द्र र जनता समाजवादी पार्टी छोडेर एमालेमा प्रवेश गर्ने धेरै देखिएका छन् ।

७ असोज २०७९ मा जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य तिलक श्रीपाइली नेकपा (एमाले) मा प्रवेश गरे । श्रीपाइलीलाई एमाले महासचिव शंकर पोखरेलले प्रवेश गराए ।

१३ असोजमा एमाले नेता गंगाराम यादव जनता समाजवादी पार्टी (जसपा) प्रवेश गरे । उनलाई जसपा अध्यक्ष उपेन्द्र यादवले फूलमाला लगाएर पार्टीमा प्रवेश गराए । २०३६ सालदेखि नै एमालेको राजनीतिमा सक्रिय धनुषा-२ का नेता गंगाराम एमालेको केन्द्रीय सल्लाहकार समिति सदस्य थिए । यसपटक प्रमुख प्रतिपक्षी नेकपा एमालेले अभियानकै – बाँकी पृष्ठ २ मा

## सत्ता गठबन्धनमा सिट बाँडफाँड

# लगभग सहमति

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ असोज ।

पाँच दलीय सत्ता गठबन्धनमा सहभागी दलहरूबीच प्रतिनिधि सभा सिट बाँडफाँडमा लगभग सहमति भएको छ ।

नेताहरूका अनुसार केही सीमित सिट बाहेक सहमति जुटेको छ । जुटेको सहमति अनुसार कांग्रेस ८५ भन्दा बढी, नेकपा माओवादी केन्द्र ३८ बढी, नेकपा एकीकृत समाजवादीले १३ बढी, जनता समाजवादी पार्टीले ११ बढी र राष्ट्रिय जनमोर्चाले २ सिट लिने सहमति छ ।

२० भन्दा बढी क्षेत्रमा भने सहमति जुट्न बाँकी छ । सहमति जुट्न नसकेका क्षेत्रमा दोहोरो दाबी रहेको बताइन्छ ।

मंसिर ४ मा हुने प्रतिनिधि सभा र प्रदेश सभा चुनावका लागि समानुपातिकतर्फका उम्मेदवारहरूको बन्दसूची निर्वाचन आयोगमा पेश गरेपछि सत्ता गठबन्धनका नेताहरू प्रत्यक्षतर्फको सिट बाँडफाँडमा सहमति खोज्न केन्द्रित भएका हुन् ।

> तालमेलका लागि कांग्रेस नेता कृष्णप्रसाद सिटौला नेतृत्वमा कार्यदल बनेको थियो । कार्यदल गठन भएसँगै गत साउन २० देखि लगातार कार्यदल र शीर्ष नेताहरु छलफलमा बसे पनि सिट बाँडफाँडमा अझै पूर्णत सहमति जुट्न बाँकी छ ।

तालमेलका लागि कांग्रेस नेता कृष्णप्रसाद सिटौला नेतृत्वमा कार्यदल बनेको थियो । कार्यदल गठन भएसँगै गत साउन २० देखि लगातार कार्यदल र शीर्ष नेताहरू छलफलमा बसे पनि सिट बाँडफाँडमा अझै पूर्णत सहमति जुट्न बाँकी छ ।

निर्वाचन आयोगले प्रत्यक्षतर्फ असोज २३ मा उम्मेदवारी दर्ता गर्ने कार्यतालिका बनाएको छ ।

## मधेशमा जसपालाई आधा

सत्ता गठबन्धनभित्रको भागवण्डामा मधेश प्रदेशमा जनता समाजवादी पार्टीले आधा सिट पाउने भएको छ । नेताहरुका अनुसार प्रदेशसभा र प्रतिनिधिसभाको सिट बाँडफाँडबारे जारी छलफलमा मधेश प्रदेशका सन्दर्भमा जसपाले आधा सिट पाउने सहमति नजिक पुगिएको छ ।

मधेश प्रदेशमा ८ जिल्ला छन् । हरेक जिल्लामा ४/४ निर्वाचन क्षेत्र छन्, मधेश प्रदेशमा कुल ३२ प्रतिनिधिसभा निर्वाचन क्षेत्र छ । नेताहरुका अनुसार सहमति शीर्ष नेताहरुबाट अनुमोदन भएको खण्डमा हेर्दा मधेश प्रदेशका ३२ मध्ये १४/१५ सिट जसपाले पाउनेछ । बाँकी १६/१७ सिट कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीले पाउनेछन् ।

नेताहरुका अनुसार १६५ निर्वाचन क्षेत्रमध्ये देशभर आधा कांग्रेसले लिने र मधेश प्रदेशमा भने जसपाले आधा सिट लिएर जाने विषयमा अब शीर्ष नेतृत्व तहमा छलफल हुनेछ । सोही छलफलका आधारमा सिट बाँडफाँडको टुंग्यो लाग्नेछ ।

**वैदेशिक रोजगार विशेष**

## घरेलु कामदारको विषय टुँगो नलाग्दा

# कतारका अन्य रोजगारी गुम्ने खतरा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ असोज

नेपालले घरेलु कामदारका सम्बन्धमा निर्णय गर्न अनावश्यकरूपमा ढिलाइ गरेर कतारसँगको आपसी सम्बन्ध र मित्रतामा अविश्वास बढाउने खतरा बढेको छ । आपसी छलफलमा घरेलु कामदार पठाउने सकारात्मक सन्देश दिएको नेपालले कतारसहित खाडी मुलुकमा घरेलु कामदार रोजगारीका लागि पठाउनेसम्बन्धी निर्णय भने गर्न सकिरहेको छैन ।

नेपालले कुनै निर्णय गर्न नसकिरहेको बेला बिहीबार कतारको आन्तरिक मामिला मन्त्रालयले एक सूचना निकाल्दै नेपालबाट महिला तथा पुरुषले घरेलु कामदारका लागि आवेदन दिन सकिने र त्यसका लागि समय बुक गर्न आह्वान गरिएको छ ।

सूचनामा नेपालमा रहेको कतार भिसा सेन्टर (क्यूभीसी)बाट घरेलु कामदार र सोही हैसियतका कामदारका लागि वर्क भिसा आवेदन लिन थालेको जानकारी दिइएको छ । काठमाडौंस्थित क्यूभीसीमा मेट्राश एप र केन्द्रको वेबसाइटबाट एपोइन्टमेन्ट बुकिङ गरेर आवेदन बुझाउन सकिने सूचनामा उल्लेख छ ।

कतिपयले कतारले नेपालसँग यस अगाडि गरिएको सहमति विपरीत घरेलु श्रमिकका लागि भिसा खुला गरेको टिप्पणी गरेका छन् भने कतिपयले यसलाई कतारको संयममता र धैर्यता टुटेको अर्थमा व्याख्या गरेका छन् । हाल कतारमा करिब ३ लाख ५० हजार परिवारलाई विदेशी घरेलु कामदार अति आवश्यक रहेको बताइएको छ ।

विगतमा इन्डोनेसिया, फिलिपिन्स र अफ्रिकी राष्ट्रहरुबाट घरेलु कामदार लगिएको तर – बाँकी पृष्ठ २ मा

## समानुपातिक सूचीमा

# पत्नी र नातेदारको रजगज !

नेपालमा समानुपातिक चुनावको अवधारणा २०६४ सालको संविधानसभा चुनाव पछि आएको हो । तर, उक्त सिटमा नातेदार, श्रीमती र भाईभतिजाले मात्रै अवशर पाउँदा पटक पटक आलोचना हुँदै आएको हो ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १३ असोज ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आफ्नी पत्नी आरजु राणा सहित अन्य नेताका श्रीमती र भाईभतिजालाई समानुपातिकको सूचीमा समावेश गरेको भन्दै आलोचना चुलिएको छ ।

अन्य राजनीतिक दलमा पनि सो विषयले चर्चा पाईरहदा नेपाली कांग्रेसका संस्थापनइतर नेताले भने पार्टी कार्यालयमा धर्ना नै सुरु गरेका हुन् । कांग्रेस भित्र समानुपातिकमा देउवापत्नी आरजु देउवा, बालकृष्ण खाँडकी पत्नी मञ्जु खाण लगायत नेताका नातेदारहरुको नाम समावेश भएको छ ।

'पार्टीका लागि काम गरेको, रगत र पसिना बगाएकाहरूलाई उम्मेदवार बनाउनुपर्छ, नेताका श्रीमती, आफन्त र नातेदारलाई होइन', नेता गुरुराज घिमिरेले भने । उनले असोज १४ भित्र समानुपातिक उम्मेदवार सूची सच्याउन सभापति देउवासँग माग समेत गरेका छन् ।

नेकपा एमालेभित्र पनि श्रीमती, आफन्त र नातेदारलाई मनलाग्दी समानुपातिक उम्मेद्वार सिफारिस गरेको भन्दै आन्तरिक असन्तुष्टि चर्किएको छ । तसर्थ, बन्दसूची सार्वजनिक भएपछि केही नेताहरु विद्रोह गर्ने तयारीमा लागेका छन् भने बन्दसूचीबारे अध्यक्ष केपी शर्मा ओली र केही सीमित नेताबाहेकलाई जानकारी नभएको भन्दै असनतुष्टि आइरहेको छ ।

नेकपा माओवादी केन्द्रभित्र पनि शीर्ष नेता नै समानुपातिक सुचीमा बसेको असन्तुष्टि एकातिर छ भने अर्कोतिर समावेशितालाई ध्यान नदिएको आरोप छ । त्यसमा पनि प्रचण्डले आफ्नो छोरीज्वाइँ र आफन्तलाई मात्रै अवशर दिएको आरोप – बाँकी पृष्ठ २ मा

**Vacancy Announcement**

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following position:-

Accountant - 1 (Male /Female)
Documentation - 1 (Female)
Receptionist - 1 (Female)

- Candidate must have fluent English Writing, Reading and Speaking.
- Should have minimum 2 years of work experience in Manpower Field.
- Good Looking Personality.
- Candidate Should be well Known in Computer Skills ( MS Word/Excel), Photoshop

Salary : Negotiable

श्रम इजाजत पत्र नं १५५८/०७९/०८०

**GOOD EARTH INTERNATIONAL PVT.LTD.**
Basundhara, Kathmandu, Nepal.
Mobile No: 9851189078/9851078699/ Email: goodearthint58@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
१४ असोज २०७९, शुक्रबार
30 September 2022, Friday

# डेंगुबाट ३८ जनाको मृत्यु

## पाँच लाख ५० हजार सिटामोल निःशुल्क वितरण



**काठमाडौं/मस–** नेपालमा हालसम्म डेंगु सङ्क्रमणबाट ३८ जनाको मृत्यु भएको छ । साउनयता २८ हजार एक सय नौ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । सातै प्रदेशका ७६ जिल्लामा डेंगु फैलिएको छ । नेपालमा पहिलो पटक विसं २०६१ मा डेंगुको बिरामी देखिएको थियो ।

प्रदेश १ मा आठ सय २९, मधेसमा चार सय १३, बागमतीमा २१ हजार नौ सय ७५, गण्डकीमा छ सय ७७, लुम्बिनीमा तीन हजार एक सय २५, कर्णालीमा दुई सय ३८ र सुदूरपश्चिममा आठ सय ५० जनामा डेंगु सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ। डेंगु सङ्क्रमण तीव्र बनेपछि इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले 'खोज र नष्ट गर' अभियान सञ्चालन गरिरहेको छ ।

**पाँच लाख ५० हजार सिटामोल निःशुल्क वितरण**

डेंगुको सङ्क्रमण बढेपछि सरकारले काठमाडौं र ललितपुरका १४ स्थानीय तह तथा उपत्यकाका १६ अस्पताललाई पाँच लाख ५० हजार थान सिटामोल उपलब्ध गराएको छ । डेंगु सङ्क्रमितको उपचारमा सहयोग पुर्‍याउने उद्देश्यले स्वास्थ्य मन्त्रालयले ती निकाय तथा अस्पताललाई निःशुल्क वितरणका लागि पारासिटामोल उपलब्ध गराएको हो । काठमाडौं महानगरपालिका र ललितपुर महानगरपालिकालाई एक/एक लाख थान, कागेश्वरी मनोहरा, कीर्तिपुर, गोकर्णेश्वर, टोखा, तारकेश्वर, दक्षिणकाली, नागार्जुन, बूढानीलकण्ठ, शङ्खरापुर, महालक्ष्मी र गोदावरी नगरपालिकालाई २०/२० हजार थान सिटामोल उपलब्ध गराइएको स्वास्थ्य सेवा विभागले जनाएको छ । सशस्त्र प्रहरी बल अस्पताल, भक्तपुर अस्पताल, सिभिल अस्पताल, कान्ति बाल अस्पताल, सहिद गङ्गलाल राष्ट्रिय हृदयरोग केन्द्र, प्रसूतिगृह, वीर अस्पताल, नरदेवी आयुर्वेद अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, नेपाल प्रहरी अस्पताल, पाटन अस्पताल, सहिद शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, वीरेन्द्र सैनिक अस्पताल र त्रिवि शिक्षण अस्पताललाई निःशुल्क वितरणका लागि सिटामोल उपलब्ध गराइएको छ । डेंगु सङ्क्रमणको विद्यमान अवस्थालाई मध्यनजर गर्दै विभिन्न औषधि तथा भण्डारण केन्द्रमा औषधि भण्डारण गरी राखिएको र आवश्यकताअनुसार आपूर्तिको व्यवस्था मिलाइएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता समीरकुमार अधिकारीले जानकारी दिए । स्वास्थ्य संस्था, फार्मेसी, औषधि उद्योगलाई सिटामोलको उत्पादन तथा आपूर्ति व्यवस्था सहज बनाउन सहजीकरण भइरहेको मन्त्रालयले जनाएको छ । काठमाडौं उपत्यकामा डेंगुको सङ्क्रमण अन्य स्थानको तुलनामा बढी रहेको मन्त्रालयको भनाइ छ । डेंगु एडिज जातका पोथी लामखुट्टेको टोकाइबाट सर्दछ । डेंगु सङ्क्रमण भएमा उच्च ज्वरो आउने, शरीर दुख्ने जस्ता लक्षण देखापर्ने चिकित्सकको भनाइ छ ।

## थप ४५ मा कोरोना संक्रमण

देशभर पछिल्लो २४ घण्टामा थप ४५ जनामा कोभिड सङ्क्रमण पुष्टि भएको छ । यस अवधिमा दुई हजार छ सय ७८ जनाको नमूना परीक्षण गरिएको थियो । एक हजार तीन सय सात जनाले पिसीआर र एक हजार तीन सय ७१ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । बिहीबार ७० सङ्क्रमित कोरोना सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमण मुक्त हुनेको संख्या नौ लाख ८६ हजार छ सय १७ पुगेको छ । सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । हाल सक्रिय सङ्क्रमितको संख्या एक हजार ७७ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १२ हजार १८ पुगेको छ । होम आइसोलेशनमा एक हजार ४१, संस्थागत आइसोलेशन ३६ र आइसियूमा नौ जना सङ्क्रमित रहेका छन् ।

हाल देशभरमा दुई सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला काठमाडौं रहेको छ । शून्य सङ्क्रमित रहेका जिल्लामा ताप्लेजुङ, तेह्रथुम, भोजपुर, सिन्धुली, काभ्रेपलाञ्चोक, मनाङ, मुस्ताङ, म्याग्दी, स्याङ्जा, हुम्ला, डोल्पा, कालिकोट, रुकुम पश्चिम, जाजरकोट, दैलेख, मुगु, जुम्ला र दार्चुला रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा चार सय ३३, ललितपुर एक सय ४१ र भक्तपुरमा २१ सक्रिय सङक्रमित रहेका छन् । कूलमा सङ्क्रमणदर १६ दशमलव आठ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

# दलितमाथि कुटपिट गर्ने वडाध्यक्षसहित ३ जनाविरुद्ध मुद्दा

**देबराज पाध्याय/मध्यान्ह**
बाजुरा, १३ असोज

बाजुराको त्रिवेणी नगरपालिका वडा नम्बर ७ का वडा अध्यक्ष जुद्धबहादुर अयडीसहित ३ जनाविरुद्ध मुद्दा दर्ता भएको छ। नाटेश्वरी मन्दिरमा पूजा गर्ने क्रममा तल्लो जातीले प्रवेश गरेको भन्दै निर्घात कुटपिट गर्ने वडा अध्यक्षसहित ३ जनाविरुद्ध जातीय विभेद तथा छुवाछुत सम्बन्धीको मुद्दा दर्ता गरिएको हो । बिहीबार वडा अध्यक्षसहितका ३ जनाविरुद्ध पीडित टेकेन्द्रसिंह सुनारले जिल्ला प्रहरी कार्यालय बाजुरामा जातीय भेदभाव तथा छुवाछुत सम्बन्धीको मुद्दा दर्ता गराएका हुन् ।

बडादशैंको घटस्थापनाको अवसरमा नाटेश्वरी मन्दिरमा नवरात्रको पूजा गर्न बसिरहेका बेला बुढीगंगा नगरपालिका घर भइ हाल कन्चनपुर जिल्ला बस्दै आएका टेकेन्द्र सुनारमाथि त्रिवेणी नगरपालिका ७ का वडा अध्यक्ष जुद्धबहादुर अयडीको एकसमुहले कुटपिट गरेका थिए ।

आफु दशैंको अबसरमा नाटेश्वरी मन्दिरमा नवरात्रको पुजाआजा गर्न कन्चनपुरबाट बाजुरा आएका सुनारलाई मन्दिर प्रवेश गरेको भन्दै वडा नम्वर ७ का वडा अध्यक्ष जुद्धबहादुर अयडी, रंगलाल पाध्याय र विनोद



अयडीले निर्घात कुटपिट गर्नुका साथै नगद पैसा समेत खोसेको पीडित सुनारले बताए ।

आफ्नो न्याएका लागि जिल्ला प्रहरी कार्यालय बाजुरामा ३ जनाविरुद्ध मुद्दा दर्ता गरेको उनले बताए । उनीहरु मन्दिरमा पुजा गरिरहेको बेला आफु पनि त्यही बसेको हुँदा हामी पुजागर्ने बेला किन आयको भनेर एकाएक कुटपिट गरेका उनले बताए । उनको आँखा, ढाड, छातिमा चोट लागेको छ ।

यता जिल्ला प्रहरी कार्यालय बाजुराका प्रमुख प्रहरी नायब उपरीक्षक (डीएसपी) सुर्यबहादुर थापाले घटनामा सलग्न रहेका वडा अध्यक्ष अयडीसहित ३ जनाविरुद्ध जातीय भेदभाव तथा छुवाछुत सम्बन्धीको मुद्दा दर्ता भएको बताए । उनका अनुसार घटनामा संलग्न वडा अध्यक्ष प्रहरीको नियन्त्रणमा रहेका छन् । साथै अन्य दुईजना रंगलाल पाध्याय र विनोद अयडीका खोजी भइरहेको छ । जातीय तथा छुवाछुत विभेद सम्बन्धी व्यवस्थापिका संसदले ०६८ जेठ १० गतेका दिन जातीय भेदभाव तथा छुवाछूतको कसुर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ०६८ पारित गरेको थियो ।

कानूनमा जातीय विभेद अन्त्य भएतापनि व्यवहारिक रुपमा बाजुरा लगाएत सुदूरपश्चिमका कुनैपनि ठाउँमा यसको पूर्ण रुपमा कार्यान्वयन हुननसकेको नेपाल जातिय उत्पीडीत समाजका अध्यक्ष शंकर बहादुर चदाराको भनाइ रहेको छ ।

जिल्लामा जातीय विभेद तथा छुवाछुत भेदभाव गर्ने जो सुकैलाई पनि कानूनी कारबाही हुनुपर्ने दलित अगुवाहरुको माग छ । बाजुरामा ४० हजार बढी दलित समुदायका मानिसहरु बसोबास गर्छन् । अहिलेपनि जिल्लाका ग्रामिण क्षेत्रमा दलितमाथि गैरदलितले विभिन्न समयमा विभेदका घटनाहरु घटाइरहेका छन् ।

बाजुराका विभिन्न ठाउँमा बसोबास गर्ने दलित समुदायहरुले अहिले पनि स्वतन्त्र रुपमा जिवनयापन गर्न सकेका छैनन् । मठमन्दिर पार्टीपौवा र सार्वजनिक धाराहरुमा गैरदलितहरुले दलितहरुलाई प्रवेश गर्न रोक लगाउँदै आएका घटना हरु बाहिरिदै आयका छन् ।

# एकल महिलामाथि हुने हिंसा अन्त्यका लागि कानून कार्यान्वयमा जोड

काठमाडौं/मस- राष्ट्रिय महिला आयोगका पदाधिकारी र यस क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाका प्रतिनिधिले एकल महिलामाथि हुने सबै किसिमका हिंसा अन्त्यका लागि कानूनको प्रभावकारी कार्यान्वयमा जोड दिएका छन् । आयोगले बिहीबार आयोजना गरेको कार्यक्रममा उनीहरुले समयसापेक्ष कानूनको निर्माण र त्यसको कार्यान्वयनको आवश्यकता औंल्याएका हुन् । आयोगकी अध्यक्ष कमलाकुमारी पराजुलीले एकल महिलाले विगतदेखि भोग्दै आएको हिंसाले



अझै निरन्तरता पाएकाले अन्त्यका लागि सबै मिलेर लाग्नुपर्ने बताइन् ।

एकल महिलाले समाज, परिवारमा भोग्दै आएको विभेदले अझै हाम्रो समाजमा पुरातन सोचमा परिवर्तन नआएको उनको भनाइ थियो । अध्यक्ष पराजुलीले समानताका लागि बनाइएका कानून कार्यान्वयन गराउँदा एकल भएकै आधारमा महिलामाथि विभेद हटाउन सकिने बताइन् । आयोगका सदस्य कृष्णकुमारी खतिवडाले एकल महिलमाथि हिंसा जारी रहनु दुःखद् भएको बताइन् ।

उनले एकल महिलामाथि हुने सबै किसिमका हिंसा अन्त्य हुनुपर्ने धारणा राखिन् । एकल महिला समूहकी अध्यक्ष कविता पाण्डेले एकल महिला सम्पत्ति र स्वतन्त्रताको अधिकार प्रयोग गर्नबाट बञ्चित भएको धारणा राखिन् ।

## आमचुनाव...

रुपमा पार्टी प्रवेशलाई अगाडि बढाएको छ । अघिल्लो साता लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता उमाशंकर अरगरिया पनि एमालेमा प्रवेश गरे । गत शनिबार धनुषाको विदेह नगरपालिका स्थित तीनकौरिया चोकमा आयोजित विशाल जनसभा तथा पार्टी प्रवेश कार्यक्रममा नेता अगरिया आफ्ना समर्थकसहित एमाले प्रवेश गरेका हुन् । एमाले अध्यक्ष केपी शर्मा ओलीले अरगरियालाई पार्टीमा स्वागत गरे । अरगरिया प्रतिनिधि सभाका निवर्तमान सदस्य एवं लोसपा सचेतक पनि थिए ।

नेकपा एकीकृत समाजवादीका डोल्पा जिल्ला कमिटी अध्यक्ष तथा कर्णाली प्रदेशका मन्त्री नन्दसिंह बुढा पनि एमालेमै फर्किएका छन् । प्रवेश गर्नेहरुलाई एमाले महासचिव शंकर पोखरेलले स्वागत गरे ।

नेताहरुका अनुसार भूमिका नपाएपछि र पाउने सम्भावना नदेखेपछि पार्टी नै छाड्ने क्रम सबै पार्टीमा छ । अर्को, दलबाट आउनेले उम्मेदवारको टिकट पाउने प्रवृतिले पनि दल बदल संस्कृत मौलाएको देखिन्छ । यस्तो गलत संस्कृतिका कारण शीर्ष नेताहरु नै आजित हुन थालेका छन् ।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल सधैं अवसर दिए जिन्दाबाद, नभए अर्को पार्टीमा गइहाल्ने प्रवृत्ति बढेको बताउँछन् । उनी भन्छन्, 'पटक-पटक पद नपाए पार्टी नै त्याग्ने प्रवृत्ति बढेको छ ।'

अखिल नेपाल महिला सङ्घको कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष नेपालले अवसरका लागि पार्टी बदल्ने र पदका लागि पार्टीमा आउनेलाई अवसर दिँदा राजनीति थप नकारात्मक हुने बताउँछन् ।

उनी भन्छन्, राजनीतिक संगठनलाई सिस्टममा अघि बढाउनुपर्नेमा जोड दिँदै उनी भन्छन्, 'पटक-पटक अवसर दिए पार्टी जिन्दाबाद । एक पटक पद नपाए त्यही पार्टी मुर्दाबाद भन्ने र पार्टी छाडेर राजनीतिक जीवन समाप्त पार्ने प्रवृत्ति देखिएको छ ।'

## घरेलु...

फिलिपिन्स बाहेक अरु देशका कामदार भाषा तथा अन्य तालिमको अभावमा सफल हुन नसकेको बताइन्छ ।

स्रोतका अनुसार गत मंसिरमा नेपालमा भएको नेपाल र कतारको संयुक्त बैठकले कतारले घरेलु श्रमिकका लागि नेपाललाई घरेलु कामदारको अनुरोध पत्र पठाउने र नेपालले निर्णय गरी घरेलु कामदार पठाउने सहमति भएपनि नेपालले श्रम सम्झौता नभएको भन्दै घरेलु कामदारको श्रम स्वीकृतिमा लगाएको प्रतिबन्ध हटाएको छैन ।

नेपाली पक्षले कतारले हालसम्म अनुरोधपत्र नै नपठाएको बताएको छ । यस सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयबीच पनि छलफल हुन नसकेको स्रोतको भनाइ छ ।

कतारमा मानव अधिकार र आप्रवासी कामदारको अधिकारका क्षेत्रमा काम गरिरहेका प्रोफेसर रमजान मियाँले घरेलु कामदारका विषयमा नेपाल सरकारले लामो समयसम्म कुनै निर्णय नगरेर राख्दा कतारले आफ्नो चासोको विषयमा नेपालले प्राथमिकता र ध्यान नदिएको गुनासो गरिरहेको बताए । घरेलु कामदारको विषयमा नेपालले छिट्टै निर्णय नगरे कतारले अन्य क्षेत्रमा नेपाली कामदारलाई प्राथमिकता नदिई समस्या सिर्जना हुन सक्ने खतरा रहेको, तर नेपालले त्यसलाई गम्भीरताका साथ नलिएको समेत उनले टिप्पणी गरे ।

घरेलु कामदारका सम्बन्धमा नेपालले दोहोरो नीति अवलम्बन गर्दै आएको छ । नेपालले घरेलु कामदारको श्रम स्वीकृति रोक्दा विभिन्न माध्यमबाट खाडी मुलुक पुगेका महिला परिवारसमेत भेट्न नपाएपछि नेपालले २०७८ साल फागुन ११ गते घरेलु कामदारका रूपमा विभिन्न मुलुकमा रहेका महिला श्रमिकहरू नेपाल फर्किएर पुनः श्रम स्वीकृति लिएर जान पाउने निर्णय गरेको थियो ।

तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले रोजगारी गुम्ने डरले परिवार भेट्न नेपाल आउन नसकेका घरेलु कामदारलाई पुनः श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था गरिएको बताएका थिए ।

वैदेशिक रोजगारीमा घरेलु कामदार पठाउने निर्देशिका, २०७२ को दफा २३ बमोजिम बाधा-अड्काउ फुकाउँदै समस्यामा परेका महिलाहरूलाई पुनः श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था गरिएको थियो ।

नेपालले घरेलु कामदार पठाउन जोर्डनसँग मात्रै सम्झौता गरेको छ । तर अवैधानिक तरिकाबाट वा भिजिट, क्लिनर भिसा र वेटर भिसामा नेपाली महिला प्रतिबन्धित मुलुकमा पुगेका छन् । गैरकानूनीरूपमा जान छुट, कानूनीरूपमा जान प्रतिबन्ध ? भन्दै महिला अधिकारकर्मीहरूले सरकारको आलोचना गर्ने गरेका छन् । हाल खाडीका विभिन्न मुलुकमा ७५ हजार बढी नेपाली महिला घरेलु कामदारको रूपमा रहेको बताइएको छ ।

## समानुपातिक...

पटक पटक लाग्दै आएको छ । 'जो उत्पीडित बर्ग हो र उसले कहिल्यै अवसर पाएको छैन, राज्यबाट पछि पारिएको छ, पछि परेको छ, हेपिएको छ, दबिएको छ जसको आवाज कसैले सुनेको छैन त्यसलाई हो समानुपातिक समावेशी चाहिने', राष्ट्रियसभाका स्वतन्त्र सांसद खिमलाल देवकोटाले बताए ।

एकीकृत समाजवादीमा पनि समानुपातिक सूचीप्रति चर्को असन्तुष्टि रहेको नेताहरुको अभिव्यक्तिबाटै प्रष्ट भएको छ । नेताहरु झलनाथ खनाल, मुकुन्द न्यौपाने र जगन्नाथ खतिवडाहरु असन्तुष्टि जनाउँदै आएका छन् । जसपा र लोसपामा पनि शीषर्स्थ नेताको निर्णयप्रति असन्तुष्टि बढेको छ । यद्यपि, निर्वाचन आयोगले असोज २ र ३ गते बन्दसूची बुझाएका राजनीतिक दलहरूलाई असोज १६ गतेसम्म नाम संशोधन गर्नसक्ने सुविधा दिएको छ ।

नेपालमा समानुपातिक चुनावको अवधारणा २०६४ सालको संविधानसभा चुनाव पछि आएको हो । तर, उक्त सिटमा नातेदार, श्रीमती र भाईभतिजाले मात्रै अवशर पाउँदा पटक पटक आलोचना हुँदै आएको हो ।


### कम्पनीको नाम परिवर्तन भएको सूचना

**प्रकाशित मिति २०७९/०६/१४**

कम्पनीको मिति २०७९/०४/१६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी सार्ताप मेरीगोल्ड ईङ्गलिस बोर्डिङ स्कुल प्रा.लि. (द.नं. ५७४०४) को नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ती तथा तिर्नु बुझाउनु पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार नाम परिवर्तन गरि **रोयल मेरीगोल्ड ईङ्गलिस बोर्डिङ स्कुल प्रा.लि.** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०६/१४**

**ओपल कन्स्ट्रक्सन प्रा.लि.**को मिति २०७९/०६/०६ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जागेश्वरी बृहत एग्रिकल्चर फार्म प्रा.लि. (प्रा. लि.नं.: १६१३३९)**कायम गर्ने गरी मिति २०७९/०६/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम तथा रजिष्टर्ड कार्यालयको वार्ड नं. परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशन मिति २०७९/०६/१४**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपूरेश्वरको मिति २०७९/०६/११ को निर्णय अनुसार यस **सुपर सनसाइन इन्टरनेशनल प्रा.लि.** (**Super Sunshine International Pvt. Ltd**) कम्पनीको नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी **जि.एम.एस. ट्रेड लिङ्क प्रा.लि. (G.M.S. Trade Link Pvt. Ltd.)** ले सकार्ने व्यहोर्ने गरी नाम परिवर्तन गर्ने तथा कम्पनीको साबिक रजिष्टर्ड कार्यालय रहने ठेगाना **मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १३** को वडा नं. परिवर्तन भै हाल **वडा नं. १०** भएकोले हुँदा सोही बमोजिम गर्न स्वीकृति प्राप्त भएको हुँदा उक्त ब्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जि.एम.एस. ट्रेड लिङ्क प्रा.लि.**
**G.M.S. Trade Link Pvt. Ltd.**
**दर्ता नं. ६८९६३ /०६६/०६७**
**मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १०**

### UAE मा रोजगारको अवसर | कम्पनी : FORSAN AL NEEL SECURITY SERVICES
शहरः UAE

पूर्व स्वीकृत मितिः २०७९/०४/२६ चलानी नं.: ६०१८५१६९ LT. No.: 269292 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४१,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Marketing Specialist | 1 | 0 | | 1200 | ४१,४७२ | | | | | | | |
| 3. | Receptionist | 1 | 0 | | 1200 | ४१,४७२ | | | | | | | |
| 4. | Security Guard | 4 | 0 | | 1200 | ४१,४७२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज २१ गते (7 Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

TOPJOBS
श्रम इजाजत नं. १२५६/०७४/०७५
**Top Jobs Int'l Employment Services Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel.: 014375824, 9847754585, 9801100249, 9808818854,

### कतार र कुवेतमा रोजगार | १. कम्पनी : THE COFFEE BEAN & TEA LEAF
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०३/१७ चलानी नं.: ६०१८२२७४ LT. No. : 266381 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४४,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter | 3 | 0 | | 1400 | ४८,१७४ | | | | | | | |

२. कम्पनी : SYMPHONY WORLD SDN. BHD. शहरः Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०३/०३ चलानी नं.: ६०१८३४६० LT. No.: 267532 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 19 | 0 | स. काममा दक्ष | 1500 | ४२,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : CASA SPA LOUNGE LADIES BEAUTY CO. शहरः Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०३/०३ चलानी नं.: ६०१८३४६१ LT. No.: 267461 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beauticians (Nail, Hir Stylist, Medicare & Ped) | 48 | 0 | स. काममा दक्ष | 130 | ५४,४९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

४. कम्पनी : ALMANA VENTURES शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/२७ चलानी नं.: ६०१७०३१८ LT. No.: 253450 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४६,२१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | cleaner | 1 | 0 | | 1000 | ३३,०१० | | | | | | | |
| 3. | Driver | 1 | 0 | | 1400 | ४६,२१४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज २१ गते (7 Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ईजाजत नं.: ४०७/०६०/०६१
**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
(Birad Associates Pvt. Ltd.)
Sukedhara-4, Kathmandu, Nepal | Tel : 01-4375822, 01-4375824
Mobile: 9847754585, 9808818854, E-mail: cm.birad@gmail.com

# अहिले जनताको सेवामा खटिनुपर्ने समय हो : प्रजिअ उपाध्याय

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १३ असोज ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायले चाडपर्वको समयमा बैठक र प्रचार गर्ने नभई जनताको सेवामा खटिनुपर्ने समय भएको बताएका छन् । तराई विकास तथा सञ्चार केन्द्र नेपालले बिहीबार तराई विकास तथा सञ्चार केन्द्र नेपालको हलमा आयोजना गरेको 'चाडपर्वमा हुने बजार अनुगमन तथा शान्ति सुरक्षाको अवस्था' विषयक कार्यक्रममा बोल्दै उनले सो कुरा बताएका हुन् ।

'नेपालीहरुको महान पर्व विजयादशमी संघारमा आइरहँदा सर्वसाधारणहरुमा सुरक्षा चुनौती र उपभोक्ता हित विपरितका कार्य भइरहेको विषयमा जिल्ला प्रशासन कार्यालय जिम्मेवार छ, चाडपर्व केन्द्रित शान्ति सुरक्षाको प्रबन्ध मिलाइएको छ' उनले भने ।

उनले थपे, 'नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागको समन्वयमा सुरक्षा योजनालाई कार्यान्वयनमा ल्याइएको छ, उपत्यकाका तीनवटै जिल्लाको एकीकृत सुरक्षा योजनामा पनि कार्यान्वयनमा ल्याइएको छ ।'

उनले चाडपर्वमा यात्रुहरुले सास्ती खेप्नुपर्ने विषयसमा समेत जिल्ला प्रशासन कार्यालयले ध्यानकेन्द्रित गरेको बताए ।

उनले भने, 'घर फर्किने यात्रुहरुले सास्ती खेप्नु नपरोस् भनेर तीन वटै जिल्लाका प्रतिनिधिहरुसहित यातायात व्यवसायीका प्रतिनिधिहरुको समेत सहभागितामा यात्रुलाई सुरक्षित यात्रा गर्नका लागि १६ बुँदे योजना बनाएर कार्यान्वयनमा लैजाने प्रक्रियामा छौं ।'

प्रमुख जिल्ला अधिकारी उपाध्यायले घर फर्किने यात्रुहरु कष्ट भोग्नुपरेको स्वीकार गर्दै भने, 'आज बिहानमात्र नयाँ बसपार्कबाट पश्चिम जान भेला भएका १ हजार यात्रुहरु अलपत्र परेको जानकारी पाएपछि उहाँहरुलाई यातायातको प्रबन्ध गरियो ।'

चाडपर्वको समयमा चोरी लगायतका अपराधिक घटनाहरु समेत बढ्ने हुँदा त्यस्ता घटनालाई नियन्त्रण गर्नका लागि तत्काल रेस्पोन्स गर्ने व्यवस्था मिलाइएको उनले जानकारी गराए ।

प्रमुख जिल्ला अधिकारी उपाध्यायले




उपभोक्ता हित संरक्षणका लागि सबैभन्दा पहिले आपूर्तिमा सहजीकरण हुनुपर्नेमा जोड दिए ।

उनले भने, 'सामानको आपूर्ति भएपछि मात्र मुल्यको अवस्था, उपभोक्ता हित संरक्षण र खाद्य बस्तुको गुणस्तरको कुरा आउँछ त्यसैले आपूर्तिमा नेपाल सरकार सचेत रहेको छ ।'

बजार अनुगमनको नेतृत्व वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले गर्दै आएको जानकारी गराउँदै प्रमुख जिल्ला अधिकारी उपाध्ययायले विभागको कार्यलाई सहजीकरण गर्ने, सुरक्षाकर्मी परिचालन गर्ने, जिल्ला पशासन कार्यालयको प्रतिनिधि पठाउने कार्यमा जिल्ला प्रशासन कार्यालय जहिले पनि तयार रहेको बताए ।

चाहेजस्तो, खोजेजस्तो बजारको अवस्था नभएको स्वीकार गर्दै प्रमुख जिल्ला अधिकारी उपाध्यायले उनले, 'उपभोक्ताले खोजेको कुरा प्राप्त होस्, त्यसमा कालोबजारी नहोस्, मानव स्वास्थ्यका लागि हानिकारक र म्याद गुज्रिएको अखाद्य पदार्थहरुको विक्रि वितरण नहोस्, यस खालको वातावरण बनाउन जिल्ला प्रशासन कार्यालय गम्भीर भएर लागिरहेको छ ।'

वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागका महानिर्देशक महेश भट्टराईले उपभोक्ता हित संरक्षणसम्बन्धी सबै संघ संस्था र स्वयम् उपभोक्ताहरुलाई सहकार्यको लागि आह्वान गर्नुभयो ।

बजार अनुगमनको क्षेत्रमा झण्डै ९२५ सरकारी एजेन्सीहरु सक्रिय भई बजार अनुगमनको कार्यमा जुटेको भएपनि बजार अनुगमन कार्य सन्तोषजनक नरहेको बताए ।

उनले भने, 'केन्द्रमा ९ वटा विभाग र त्यस अर्न्तगतका संघीय कार्यालयह, ७७ वटा जिल्ला प्रशासन कार्यालय, ७३ वटा इलाका प्रशासन कार्यालय, ७ वटा प्रदेशस्तरीय उपभोक्ता हित संरक्षण निर्देशनालय साथसाथै ७५३ वटा स्थानीय तहहरुले पनि बजार अनुगमन गरिरहेको छ । यसर्थमा ९२५ वटा सरकारी एजेन्सीहरु उपभोक्ताको हक हितमा लागि परेका छन् । यति ठुलो संख्यामा सरकारी एजेन्सीहरु बजार अनुगमन कार्यमा खटिँदा पनि बजार अनुगमन प्रभावकारी हुन सकेको छैन । कुनै पनि उपभोक्ता बजारमा जाँदा ढुक्क हन सक्ने अवस्था छैन । यद्यपि त्यसमा सुधारको प्रक्रियामा हामी छौं ।'

उपभोक्ताको हित संरक्षण सरकारी प्रयासले मात्र हुन नसक्ने भन्दै उनले उपभोक्ता हित संरक्षणका क्षेत्रमा काम गर्ने सबै संघ संस्था र आम सञ्चार क्षेत्रलाई समेत हातेमालो गर्न आग्रह गरे ।

पछिल्लो समय वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले अनुगमन कार्यलाई तिव्रता बताउँदै भने, 'सरदर दैनिक ५० वटा फर्ममा अनगुमन गरिरहेका छौँ भने चालु आर्थिक वर्ष २०७९/८०मा तीन हजार ५ सय फर्ममा अनुगमन गर्ने योजना बताएका छौं ।'

महानिर्देशक भट्टराईले संख्यात्मक भन्दा गुणात्मक अनुगमनमा जोड दिएको औँल्याए ।

उनले भने,'संयुक्त अनुगमनमा जोड दिएका छौं, जसले खाद्य पदार्थको गुणस्तरीयता मापनका लागि विज्ञसहितको टोली हामीले परिचालन गरेका छौं, गुणस्तरीयता परीक्षण गर्नुपरे सम्बन्धित विभागको सहयोग लिन्छौँ ।'

उनले व्यापारी तथा व्यवसायीहरुले गल्ती गरको पाइएमा बन्द गराउने नीति नलिएको तर दण्ड जरिवाना भने गर्ने बताए ।

कार्यक्रममा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले नेपालमा उपभोक्ता हित विपरितका कार्यहरुले प्रश्रय पाइरहेको हुँदा त्यस्तो कार्यका विरुद्ध आम सञ्चारकर्मीले सशक्त भएर लाग्नुपर्नेमा जोड दिए । अध्यक्ष बस्नेतले भने, 'पत्रकार पनि जनताका प्रतिनिधि हुन्, त्यसैले उपभोक्ता हित विपरित हुने महंगी, काजाबजारी लगायतका गतिविधिविरुद्ध सशक्त रुपमा कलम चलाउनुपर्दछ, उपभोक्ता हित संरक्षणमा भूमिका खेल्नुपर्दछ ।'

राष्ट्रिय उपभोक्ता जागरण अभियानका अध्यक्ष कृष्ण प्रसाद भण्डारीले हामी उपभोक्ताहरु नै विवेकशिल र सचेत हुन सकेमात्र उपभोक्ता हित संरक्षण हुने बताए ।

नेपालको सन्दर्भमा आम उपभोक्ताहरु चेतना विकास हुन नसकेको भन्दै उपभोक्ताकर्मीहरुले उपभोक्ताको हितमा जारी गर्ने कल्याणकारी कार्य र चेतनामूलक कार्यको मिडियाले सही ढंगले प्रकाशन गरिदिएमात्र आम उपभोक्ताहरु सचेत बन्नेमा जोड दिए ।

पछिल्लो समय नेपालमा उपभोक्ता हित विपरितका कार्यक्रम बढिरहेको भन्दै त्यस्ता गतिविधि रोक्न वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग, जिल्ला प्रशासन कार्यालय, केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय सरकार आ-आफूले पाएको जिम्मेवारीलाई जिम्मेवार भएर बहन गर्नुपर्ने बताए । राष्ट्रिय उपभोक्ता जागरण अभियान बस्तु र सेवा प्रदायक कम्पनीहरु जिम्मेवार नबनेसम्म बजार स्वच्छ हुन नसक्नेमा उनको जोड थियो ।

उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाले प्रदेश सरकार र स्थानीय सरकारले जुन हिसाबमा जिम्मेवारी लिनुपर्दथ्यो त्यो जिम्मेवारी नलिएको र पूरा नगरेको बताए ।

बजारमा महंगी अनियन्त्रित अवस्थामा बढिरहेको छ भन्दै उनले हिजोसम्म प्रतिकेजी १ हजार ३ सय पर्ने खसीको मासु दशैं नजिकिँदै गर्दा ५० रुपैंया मूल्यबृद्धि गरिएको छ, यसरी मूल्यवृद्धि किन भईरहेको छ ? राज्यको उपस्थिति कमजोर भएको होइन र ? भन्ने प्रश्न गरे ।

तराई विकास तथा सञ्चार केन्द्र नेपालको अध्यक्ष तथा नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव गोविन्द प्रसाद चौलागाईंको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा संस्थाका तर्फबाट जिल्ला प्रशासन कार्याल काठमाडौंका नवनिुक्त प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायलाई खादा लगाएर सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गरिएको थियो ।

त्यसैगरी अन्नपूर्ण दैनिक पत्रिकाको प्रधान सम्पादकमा हालै बढुवा भएका अखण्ड भण्डारीलाई चौलागाईंले सफलताको शुभकामना दिएका थिए ।


## बसबरिया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**भवानीपुर, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९।०६।१४**

कार्यालयबाट मिति २०७९/०५/१३ गते सिटी पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोल पत्र आह्वानको सुचना अनुसार दर्ता हुन आएका शिलवन्दी बोल-पत्रहरु मध्ये मूल्यांकन समितिको मिति २०७९/०६/१३ गतेको निर्णय अनुसार तपसिलमा उल्लेखित बोल-पत्र दाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ तथा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोल-पत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं. | छनौट भएको बोल-पत्रदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| १ | BRM/NCB/GOODS/79-80/1 | New Gas Light Agency, Malangwa-10 Sarlahi | NRs. 13,008,108.00 |
| १ | BRM/NCB/GOODS/79-80/2 | P. T. Traders Pvt. Ltd. Malangwa-10 Sarlahi | NRs. 10,431,030.00 |

**नि.प्रमुख प्रसाशकिय अधिकृत**

## Mahabu Rural Municipality
## Office of the Rural Municipal Executive

**Gaidabaj, Dailekh**
**Karnali Province, Nepal**

### Invitation for Bids

**Bid Publication Date: 2079/06/14B.S.**

| Project Title | IFB No | Estimated Amount without VAT and PS | Cost Of Bid Documents | Bid Security | Last Date Of Submission | Last Date Of Bid Opening |
|---|---|---|---|---|---|---|
| Badakhola Garipata Irrigation Canal Construction Work | MRM/ WORKS/ NCB/03/ 079/080 | 50,42,440.19 | 3000 | 1,80,000 | 2079/07/15 (12:00 PM) | 2079/07/15 (14:00PM) |
| Gaidabaj Phagu Kansikandh Road Upgradation Work | MRM/ works/NCB/ 04/079-080 | 84,42,979.32 | 3000 | 3,00,000 | 2079/07/15 (12:00 PM) | 2079/07/15 (14:00PM) |

**Note:** For further details downloading tendar documents, please visit PPMO website www.bolpatra.gov.np or www.mahabumun.gov.np and contact 9858074608 or mahabugaupalika74@gmail.com.

**Chief Administrative Officer**

## Dudhauli Municipality
## Office of the Municipal Executive

**Dudhauli, Sindhuli**

### Invitation for Bids for
### Supply and Delivery of Office Electronics Item to Dudhauli Municipality

**Date of first publication: 2079/06/14(Sept. 30, 2022)**

1. Dudhauli Municipality, Office of the Municipal Executive, Dudhauli, Sindhuli *invites sealed* Quotation from eligible bidders for the procurement of Supply and Delivery of Office Electronics Item to Dudhauli Municipality, ***under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.***

| Contract No. | Description of Works/ Bid Type | Minimum Bid Security Amount/ Validity periods | Cost for bid documents | Last date of bid Purchase and Submission | Bid Opening |
|---|---|---|---|---|---|
| 10/NCB/ GOODS/ DMUN/ 2079-080 | Supply and Delivery of Office Electronics Item to Dudhauli Municipality | 54000.00 | NRs. 3,000.00 | 2079/07/15 (Nov.1, 2022) on or before 12:00 PM | 2079/07/15 (Nov.1, 2022) at 02:00 PM |

***2.*** Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Dudhauli Municipality, Office of the Municipal Executive, Dudhauli, Sindhuli. Website: www.dudhaulimun.gov.np & Ph. No. 412052 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

3. A complete *set* of Bidding Documents may be Downloaded and submit their bid electronically as mentioned below or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np /egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document the project's Rajaswa (revenue) account as specified below and the scanned copy (PDF format) of the band deposit Voucher shall be uploaded by the bidder at the time of electronic submission of the Quotation.

**Información of Bank:**

Name of the Bank : Nepal bank limited, Dudhauli, Sindhuli
Name of Office : Dudhauli Municipality, Office of the Municipal Executive
Office Account no. : 25203000001001000001 (Rajaswa Kata) for bidding cost
25203000003000000001 (Dharauti) for dharauti

4. The Quotation will be opened in the presence of Bidders' representatives who choose to attend after 02:00 PM 2079/07/15, at the office Dudhauli Municipality, Office of the Municipal Executive, Dudhauli, Sindhuli. Bids must be valid for a period as indicated in table above from counting from the days of bid opening and must be accompanied by a bid security, the amount and validity period as given in above table.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Dudhauli Municipality, Office of the Municipal Executive, Dudhauli, Sindhuli reserves the right to accept or reject, wholly or partly and or all the Bids without assigning reason, whatsoever.
7. Hard Copy of Bid should not be obtained or submitted to Dudhauli Municipality Office.
8. Bidding will be conducted through the sealed Bid procedure as specified in the table above and matter not specified in this notice and the biding documents follows according to the procurement Act 2063 and procurement regulation 2064 of Nepal.

**Chief Administrative Officer**

# सम्पादकीय

## खुशीको खोजी

दशैंको उत्सव घरघरमा भित्रिसकेको छ । उत्सव भित्रनलाई सवैभन्दा पहिलो सर्त भनेको परिवारका सदस्यहरूबीच जमघट शुरू हुनु हो । रोजगारी र अध्ययनका क्रममा टाढा पुगेकाहरू घर फर्कदा उसले सँगै खुशी पनि लिएर आएको हुन्छ । वर्षदिनसम्म घर बाहिर रहेका वा केही वर्षदेखि भेट नभएकाहरूबीच जमघट हुँदा त्यसले अलग्गै उत्सवको बातावरण सिर्जना गर्छ । दशैं केही दिन मात्रै बाँकी रहेकाले धेरैजसो घर फर्किसकेका छन्, बाँकीले पनि घर फर्कने तयारी अगाडि बढाइसकेका छन् । पारिवारिक जमघटको पूर्णता भने दशैंको दिनबाटै शुरू हुनेछ । टाढाको शहर र अन्यत्र रहेकाहरू घर फर्कने मात्रै नभएर दशैंको चरित्र पनि जमघट गर्ने नै हो । आफूभन्दा ठूला मानिसबाट आर्शिवाद लिनका निम्ति हुने जमघट दशैंको विशेषता हो ।

सांस्कृतिक चाड आफैमा सामाजिक सद्भावको प्रतीक हो । यस्ता चाडले परिवार, समाज र आफन्तहरुलाई सँगै उभ्याउने गर्छ । त्यसमा पनि नेपालमा हिन्दू धर्मालम्बीहरूको बहुलता भएकाले दशैंको विशेष अर्थ छ । गैरहिन्दूले पनि यो अवसरमा सद्भाव साट्ने र शुभकामना दिने गर्छन् । तसर्थ दशैंको उत्सवसँगै सांस्कृतिक एकताको माहोल पनि बन्दैछ । अझ विश्वव्यापी कोरोना महामारीका कारणले बितेका दुई वटा दशैंले उति ठूलो उत्सवको रूप लिन सकेको थिएन । भौतिक दुरी कायम राख्नुपर्ने कोरोना संक्रमणको विशेषताका कारणले दशैँले भव्यता लिन सकेको थिएन । त्यसैले यसपटकको दशैंको विशेष अर्थ छ । महत्व बढी देखिएको छ ।

सँगै, दशैंले पार्ने अप्ठ्यारो पाटो पनि छ । सामाजिक रूपमा समानता देखाउने होडले यो चाड उत्सवका रूपमा नभएर चिन्ताको विषय समेत बन्ने गरेको छ । आफ्नो आयस्रोत भन्दा बढी खर्च गर्ने रहर र लहरको असर दीर्घकालीन रूपमा पर्न जाने हुन्छ । कतिपयलाई दशैं खुशी नभएर तनाव बनेर आउने गर्छ । सामाजिक समरूपता निर्वाह गर्ने मनोवृत्तिले पनि यस्तो हुन जान्छ । हुनत दशैंको मात्रै नभएर अन्य चाडको हकमा पनि यही कुरा लागू हुन्छ । तर तुलनात्मक बढी महत्व दिने परम्परागत प्रचलनले दशैँलाई बढी खर्चिलो र तनावको विषय समेत बनाइदिने गरेको छ । जबकी दशैंले खुशी ल्याउनु र जमघटको उमंग भर्न पर्ने हो । खुशी भौतिक वस्तुको अधिक उपलब्धताका कारणले मात्रै आउने होइन । यसतर्फ ध्यान दिने हो भने दशैं समग्रमा खुशी ल्याउने अवसर हो । स्वास्थ्य, आर्थिक सन्तुलन र शान्तिपूर्ण बातावरण कायम गर्दै दशैं मनाउनु नै निर्विकल्प सर्त हो । दशैंको शुभकामना !

# दशैं, मोहनी नखः र, बौद्ध धर्म

*कतिपय देवी देवताहरु सामुहिक पनि हुन्छन् । दशैंका अवसरमा पनि नेपाल वा विशेषगरी उपत्यकाको बौद्धहरुका विभिन्न चाड, पर्व र जात्राहरु मान्ने र मनाउने गर्दछन् । उपत्यकामा रहेका महायानी वा बज्रयानीहरुको यस अवसरमा उत्तिकै सहभागिता रहन्छ ।*

अग्रलेख



● डा. उद्धव पुरी

धार्मिक र संस्कृतिकरूपमा नेपालको परम्परा विश्वका अन्य देशहरुमा भन्दा भिन्न र समन्वयात्मक स्वरूपको देखिन्छ । यहाँ विशेषगरी सनातनी र बौद्धहरुका कतिपय चाड पर्वहरु एकै तिथि मितिमा मान्ने र मनाउने प्रचलन छ । केही विशेष चाडपर्वहरु बेग्ला-बेग्लै रूपमा माने मनाए पनि दुबैको सहभागिता अनि सहजरूपमा एक आपसमा सहयोगात्मक भूमिका रहेको देखिन्छ । कतिपय चाडपर्वहरुका मुख्य दिन समान रहेपनि र समान तीर्थस्थलमा गएपनि मान्ने र पूज्ने तरिका भने फरक-फरक रहेको हुन्छ । जुन बाहिरबाट हेर्दा उस्तै देखिए पनि मान्ने र मनाउनेले भने भेद छुट्टाइरहेका हुन्छन् । तर, त्यहाँ एक आपसमा अवरोध र बिरोधको कुनै संकेत देखिँदैन । त्यस्तै महत्वपूर्ण चाडको रूपमा दशैं पनि रहेको देखिन्छ । जुन नेपालमा महायानी बौद्धहरुले र सनातन धर्मावलम्बीहरुले बेग्ला-बेग्लै नामले मान्ने र मनाउने गर्दछन् । यस समयमा धेरै प्रकारका समान कार्यहरु भएको देखिन्छ र उनीहरु जाने तीर्थस्थल र मन्दिरहरु पनि एकै रहेको हुन्छन् । तर, त्यसभित्र हुने विधि र विधान भने बिलकूलै भिन्न भेटिन्छ । तीर्थस्थल वा मन्दिर एकै मान्यताका र उस्तै खालका पूजा आजा भए पनि तिनका नाम र विशेषताहरुमा केही भिन्न व्याख्या रहेको हुन्छन् । कतिपय देवी देवताहरू सामुहिक पनि हुन्छन् । दशैंका अवसरमा पनि नेपाल वा विशेषगरी उपत्यकाको बौद्धहरुका विभिन्न चाड, पर्व र जात्राहरु मान्ने र मनाउने गर्दछन् । उपत्यकामा रहेका महायानी वा बज्रयानीहरूको यस अवसरमा उत्तिकै सहभागिता रहन्छ । दुबै पक्षमा दशैंमा शक्तिको र तन्त्रको प्रयोग बढी हुन्छ । सनातन र बौद्ध दुबैका तर्फबाट देवीहरूको आरधना बढी भएको देखिन्छ ।



महायानी वा बज्रयानी बौद्ध नेवार समुदायले भने दशैंको समय वा आश्विन शुक्ल कौलाथ्व प्रतिपदाका दिनदेखि कोलाथ्व पूर्णिमा वा कतिंपुन्हिको दिनसम्म मोहनी नखः चाड मनाउदछन् । जुन दशैंका रूपमा परिचित छ भन्न पनि सकिन्छ । नेवार बौद्धहरू यस समयमा आफ्नो कूल धर्मअनुसार सपरिवार बसेर काय्, वाक, चित्त सुद्ध पारी अनेकौ मारहरूलाई हटाउदै मान्दछन् । बौद्धहरु पनि मोहनी नखःको पहिलो दिन आफ्नो कूल घरको पूजा कोठामा विधिवत् रूपमा कनी वा मकै र तछ्व वा जौको विजारोपण विधिपूर्वक गर्दछन् । यसलाई बज्रयानी नेवारहरू नःला सोनेगु भन्दछन् । यस दिनदेखि नःलास्वामा दैनिक पूजा सुरु हुन्छ । महाअष्टमीको दिनको बिहान विशेष पूजा गरिन्छ र सोही दिन बेलुकी कुलछे भ्वय् सम्पन्न गर्ने चलन छ । यस दिन आफ्नो परिवारबाट छुट्टिएर बेग्लै घर बनाएर बसेकाहरु पनि आफ्नै कुलघर जहाँ पूजा गरिएको हुन्छ त्यही जानुपर्ने चलन छ । महानवमीको दिन पनि विशेष पूजा सम्पन्न भए पछि समय खाने र बेलुका भोज खाने प्रचलन छ । दशमीका दिन अरु टिकाका साथै विशेष प्रकारको कालो टीका जसलाई मोहनी भनिन्छ त्यो लगाउने र रातो अक्षेता टीकाको साथमा रातो क्वखा घाँटीमा बाधेर नःला स्वाँ सिउरिने गर्दछन् । जुन बौद्ध विधि उपत्यकामा रहेका अन्य केही सनातनी नेवार समुदायमा पनि प्रचलनमा छ । मोहनी मनाउने नेवार बौद्ध समुदायले यस समयमा आफूमा रहेको दश अकुशलादि कर्मबाट मुक्त हुने प्रकृयालाई मार छोड्ने भनी मानेका हुन्छन् । सनातनवालाहरुले भने विजया दशमी मनाउने क्रममा असत्यमाथि सत्यको विजय र दैत्यमाथि देवताको विजयको रूपमा लिन्छन् । दुबैको अर्थ सत्कर्म र सत्कार्यको विजय र थालनी भन्ने नै हो । वास्तवमा दशैं धर्मका आधारमा मानिन्छ भने मोहनी नखः दर्शनको रूपमा मानिएको हुन्छ । सनातनीले मान्ने जमरा र बौद्धहरूले उमार्ने नःला स्वा वा जमराको पनि बेग्ला बेग्लै महत्व रहेको देखिन्छ । जस्तै बौद्ध परम्पराअनुसार चत्तुआर्यसत्यलाई प्रतिविम्बित हुने गरी भवचक्रको दर्शन ज्ञान दिन नःल स्वँ वा जमराको विजारोपन गरिन्छ भने यता दुर्गा, काली, भगवती, भैरव आदिको शक्ति देवीको प्रतिकारात्मक स्वरूपमा जलघडा स्थापना गरी जमरा राख्ने गरिन्छ । बौद्ध परमपरामा बौद्ध मूल दर्शन अनित्यको ज्ञानको महत्व दिइन्छ भने सनातनमा शक्ति संचयको विषय प्राथमिकतामा पर्दछ ।

दशैंमा सनातन र बौद्ध धर्मावलम्बीहरूको मान्य देवी, योगिन, महाकाली, गणेश, भैरव, करुणामय, कुमारीलगायतका थुप्रै देवी देवताहरूको पूजा आरधना र जात्रा जस्ता कतिपय कुरामा समानता र दुबैको सहभागिता पनि रहन्छ । उपत्यकामा खड्ग जात्रा, पचली भैरव जात्रा, कुमारी जात्रा, अष्टमातृका नाचलगायतका धेरै परम्पराहरु यस्ता छन् । जहाँ दबै पक्षबाट तान्त्रिक पूजा आजा बढी हुने गर्दछन् ।

विजयादशमीको दिन बौद्ध धर्मावलम्बीहरुको अर्को विशेष दिन पनि हो । जुन संसारभरका बौद्धहरुले अहिंसा दिवसको रूपमा मान्दछन् । जुन थेरवादहरुका लागि अझ विशेष दिन मानिन्छ । उनीहरु आ-आफ्नो विहारमा यसलाई भव्यताका साथ मान्दछन् । किनभने यस दिन हत्या, हिंसा र मारकाटबाट आफूलाई राजाबाट सम्राट बनाउन पुगेका मौर्य राजा अशोकले आफ्नो जीवनमा नयाँ परिवर्तन देखाएका थिए । कलिंगको युद्ध उनको विजयी अभियानको अन्तिम युद्ध बन्न पुगेको थियो । यस युद्धमा देखिएको मृत्यु र शोक उनका लागि पछुतो र धृणाको विषय बन्यो । उनको यो बेचैनी बालक बौद्ध अनुयायी निग्रोधको बौद्ध स्वभाव देखेर शान्त र करुणामा परिवर्तन भयो । उनले आफ्नो यसअघिको व्यतित जीवन र आगामी दिनको तुलना गरे । विजयादशमीको दिनदेखि उनले आफ्नो पूर्ववत शस्त्र युद्धलाई त्यागे र बौद्ध धर्मको पालना गरी बौद्ध धर्मको प्रचार प्रसारमा लागे । त्यसैले यस दिनलाई बौद्धहरु शस्त्र युद्धमाथि धर्म युद्धको विजय भएको दिनका रूपमा मान्छन् ।

> *विजयादशमीको दिन बौद्ध धर्मविलम्बीहरुको अर्को विशेष दिन पनि हो । जुन संसारभरका बौद्धहरुले अहिंसा दिवसको रूपमा मान्दछन् । यस दिन हत्या, हिंसा र मारकाटबाट आफूलाई राजाबाट सम्राट बनाउन पुगेका मौर्य राजा अशोकले आफ्नो जीवनमा नयाँ परिवर्तन देखाएका थिए । कलिंगको युद्ध उनको विजयी अभियानको अन्तिम युद्ध बन्न पुगेको थियो । यस युद्धमा देखिएको मृत्यु र शोक उनका लागि पछुतो र धृणाको विषय बन्यो ।*

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

कोही राजावादी भए, कोही कांग्रेस-कम्युनिस्टतिर फर्किए, तिनको साँचो उद्देश्य वैकल्पिक विचार र राजनीति थियो होला त ? पक्कै थिएन । नक्कली टिकेनन् । त्यसो केको चिन्ता र गुनासो । भैगो, अब तिनको कुरै नउप्काउँ । जसको विचार र आन्दोलन हो, त्यसको रक्षा र विकास पनि उसैले गर्ने हो क्या !



**- मुमाराम खनाल**

अधिकांश नेपाली नेताहरूको काम भनेको पहिले उज्यालो रहेको राजनीतिको घरलाई (पार्टी) बत्ती निभाएर अँध्यारो बनाउँछन् अनि भन्छन्- "ल अब उज्यालो खोज्न हिंड, पार्टी तिमीहरूको साथ छ ।' अनि सबै 'हनुमान'हरू गुरूरूरू..रू अर्काको घरको बत्ती चोर्न हिड्छन् ।



**- पुरूषोत्तम ढुंगेल**

नागरिकता बिकाउ देश । सांसद र सांसद पद बिकाउ देश । नेता मन्त्री बिकाउ देश । अदालत न्यायधिश बिकाउ देश । नदिनालाहरू बिकाउ देश । यो देशमा सबै चिजहरू बिकाउमा थिए मात्र राष्ट्रिय गीत बिकाउ थिएन । त्यो पनि यस पटकदेखि बिकाउ शुरू भएछ । बिकाउ चिज धेरै टिकाउ हुँदैन । अब छिट्टै परिवर्तन हुने छाँटकाट देखियो ।



**- राजेश विरोध**

कार्यकर्ताहरू कति उल्लु छन् । यतिसम्म थाहा छैन् कि हाम्रै हनुमान गिरीले हाम्रो पार्टी र नेतृत्व टिकेका छन् भनेर । किनभने जनताको सरदार भनेको कार्यकर्ता हो, पार्टी नेता होइन । यतिसम्म बुझेका भए ललिपप खान यतिबेला दशैको मुखमा बालुवाटार, खुमलटार र बालकोट वरिपरि चक्कर मार्नुपर्ने थिएन ।



**- प्रेम घर्ती मगर**

